**PRESS RELEASE**

# नेपाल प्रहरी प्रधान कार्यालय
# मानव बेचबिखन अनुसन्धान व्यूरो
बबरमहल,काठमाण्डौ,

फोन ०१-५३३९५६९
०१-५३४११७७

## प्रेस विज्ञप्ति-२५

## " आर्थिक लाभ लिई नाबालिकाहरुलाई यौन क्रियाकलापमा लगाउने महिला पक्राउ "

जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं. ३२ जडिबुटी स्थित टिमुरे क्याफे र चरिकोट गेष्टहाउस सञ्चालन गरी उक्त क्याफे तथा गेष्टहाउसहरुमा नाबालिकाहरुलाई ललाई फकाई विभिन्न किसिमको प्रलोभनमा पारी यौन गतिविधिमा लगाउने गरेको भन्ने सूचनाका आधारमा यस व्युरो बाट खटिएको प्रहरी टोलिले दुई जना नाबालिकाहरुको उद्दार गरी उक्त कार्यमा संलग्न एक महिलालाई मिति २०८० माघ ०८ गतेका दिन का.म.न.पा वडा नं. ३२ जडिबुटीबाट पक्राउ गरी मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट दिन ५ (पाँच) को म्याद थप अनुमती लिई आवश्यक अनुसन्धान भईरहेको।

**पक्राउ परेकी अभियुक्त**

**नाम**:- आशा लामा भन्ने लालमाया तामाङ
**उमेर**:- ३६ बर्ष।
**स्थायी वतन**:- जिल्ला धनकुटा छथर जोरपाटी गा.पा वडा नं ०१ स्थायि वतन भई हाल जिल्ला दोलखा भिमेश्वर न.पा वडा नं. ०१ बस्ने।

**अस्थायी**:- का.जि. का.म.न.पा वडा नं. ३२ जडिबुटी।

**अभियुक्तको फोटो**



Contact No:01-5339569, Hot Line:1177, Toll-Free:16600141177 Email:ahtb@nepalpolice.gov.np, www.ahtb.nepalpolice.gov.np

## अनुसन्धानबाट खुल्न आएको:-

- अभियुक्तले आर्थिक अवस्था कमजोर भएका, ग्रामीण भेगका कम पढेलेखेका बालिकाहरुलाई क्याफे तथा गेष्ट हाउसमा वेटरको काम लगाईदिने तथा आकर्षक तलब सुविधा दिने प्रलोभनमा पारी बोलाउने गरेको।
- शुरुमा बालिकाहरुलाई क्याफे र गेष्टहाउसमा वेटरको काममा लगाउने र केही समयपछी ललाई फकाई प्रलोभनमा पारी निज प्रतिवादिले नै संचालन गर्ने चरिकोट गेष्ट हाउसमा राखि वेश्यावृत्तिमा लगाउने गरेको।
- नाबालिकाहरुलाई बिगत तीन बर्ष देखी बिभिन्न प्रलोभनमा पारी ग्राहकहरुसँग रकम लिई शारिरीक सम्पर्क राख्न लगाई सीमित रकम मात्र पीडित युवतीहरूलाई दिने गरेको खुल्न आएको ।
- नाबालिकाहरुलाई जवरजस्ती वेश्यावृत्तिमा लगाएको भन्ने गोप्य सूचनाको आधारमा यस ब्यूरो समेतबाट खटिएको टोलीले पीडित दुई जना बालिकाहरुलाई उद्दार गरी हाल सुरक्षित आवासमा राखीएको।
- यस घटनामा संलग्न अन्य प्रतिवादीहरुको खोजतलास तथा थप अनुसन्धान कार्य भई रहेको।

**प्रवक्ता**

(कृष्ण प्रसाद पगेनी)

प्रहरी उपरीक्षक

मिति:- २०८०।१०।०९ गते।

सम्पर्क नं:-९८५१२८१३३०